**मेगा बैंक नेपाल लिमिटेडको**
**तेश्रो वार्षिक साधारण सभाको विवरण (माइन्यूट)**

**१. वैधानिक सभा:**
मेगा बैंक नेपाल लिमिटेडको मिति २०७० पौष ७ गते बसेको सञ्चालक समितिको ८८ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ तथा बैंकको प्रबन्धपत्र र नियमावली बमोजिम बैंकको तेस्रो वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष प्रा.डा. मदन कुमार दाहालको सभापतित्वमा देहाय बमोजिम सम्पन्न भयो ।

**२. सभाको स्थान, मिति र समय:**

२.१ स्थान : नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाण्डौ ।
२.२ मिति: २०७० साल पौष २९ गते सोमबार (13th January 2014)
२.३ समय: विहान ११ बजे प्रारम्भ भई साँझ ५:३० बजे समापन भयो ।

**३. सभाको सूचना सम्बन्धी जानकारी**

तेश्रो वार्षिक साधारण सभा हुने मिति,समय,स्थान र छलफल हुने विषयहरु सहितका विवरण खुलाई कम्पनी ऐन २०६३ को दफा ६७ (२) तथा बैंकको नियमावलीको नियम १८ (३) वमोजिम कम्तीमा २१ दिन अगावै शेयरधनीहरुलाई सभा हुने ठाँउ, मिति र साधारण सभामा पेश गर्नु पर्ने तथा निर्णय गर्नु पर्ने विषयबस्तुहरु उल्लेख गरी मिति २०७० साल पौष ८ गते नागरिक राष्ट्रिय दैनिकमा पुरा पृष्ठ सूचना प्रकाशित गरीएको र २०७० साल पौष ११ गते अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा पुन: पुरा पृष्ठ सुचना प्रकाशित गरि सबै शेयरधनीहरुलाई जानकारी गराइएको र २०७० साल पौष २६ गते क्रमश: कारोबार तथा नेपाल समाचारपत्र राष्ट्रिय दैनिक, २०७० साल पौष २८ गते कान्तिपुर तथा गोरखापत्र राष्ट्रिय दैनिक र साधारण सभा सम्पन्न हुने दिन (आज) नेपाल समाचारपत्र तथा नयां पत्रिका राष्ट्रिय दैनिकहरुमा संक्षीप्त सूचना समेत प्रकाशित गरी सबै शेयरधनीहरुलाई जानकारी गराईएको कम्पनी सचिवले जानकारी दिनु भयो ।

कम्पनी ऐनले गरेको ब्यवस्थाको अधिनमा रही साधारण सभाको सूचना तथा सभामा पेश गर्नु पर्ने तथा निर्णय गर्नु पर्ने विषयबस्तु समेत उल्लेख भएको बैंकको बार्षिक प्रतिवेदन विद्युतीय सञ्चारमाध्यम बैंकको Website www.megabanknepal.com मा पनि राखिनु साथै शेयरधनीहरुको बैंकको अभिलेखमा उपलब्ध ईमेल ठेगानामा पनि बैंकको वार्षिक प्रतिवेदन सहित तेश्रो वार्षिक साधारणसभाको सुचना शेयरधनीहरुलाई पठाईएको व्यहोरा पनि कम्पनी सचिवले जानकारी दिनु भयो ।

बैंकका शेयरधनीहरुको संख्या १ लाख ४५ हजार भन्दा बढीरहेको, शेयरधनीहरुको सञ्जाल मुलुक भरी तथा मुलुक बाहिर समेत छरिएर रहेको र सोही अनुपातमा बैंकको वार्षिक प्रतिवेदन तथा संक्षिप्त आर्थिक विबरणहरु प्रकाशित गरी निर्धारित समयावधिभित्र शेयरधनीमहानुभावहरु समक्ष उपलब्ध गराउन व्यवहारिक रुपमा समेत सहज नभएको अवस्था समेतलाई मध्यनजर गरी बैंकले कम्पनी ऐन, २०६३ को दफा ८४ को उपदफा (४) र (५) बमोजिम बैंकको संक्षिप्त वार्षिक आर्थिक विबरणहरु शेयरधनीमहानुभावहरुको जानकारीको लागि मिति २०७० साल पौष ८ गते नागरिक राष्ट्रिय दैनिक र २०७० साल पौष ११ गते अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा पुरा पृष्ठ प्रकाशित गरि शेयरधनीहरुलाई जानकारी गराएको व्यहोरा समेत कम्पनी सचिवले जानकारी दिनु भयो ।

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

कम्पनी सचिव

४. **सभाको विषय सूची:**

**४.१ छलफल तथा निर्णयका लागि निर्धारित बिषय सूची :**

**क. समान्य प्रस्तावहरु :**

१. अध्यक्षज्यूको मन्तव्य सहितको सञ्चालक समितिको वार्षिक प्रतिवेदन २०६९/७० पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७० आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०६९/७० को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने ।

३. संचालक समितिले प्रस्ताव गरे बमोजिम ९ (नौ) प्रतिशत नगद लाभांश स्वीकृत गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७०/७१ को लागि लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरीक्षक देव असोसिएटस् , चाटर्ड एकाउन्टेन्टस् पुनः नियुक्त हुन योग्य हुनुहुन्छ) ।

५. बैंकको नियमावली अनुसार समुह ख का सर्वसाधारण शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व हुने संचालक पद संख्या २ (दुई) को निर्वाचन गर्ने ।

**ख. विशेष प्रस्तावहरु :**

१. बैंकको जारी पुँजीको ३० प्रतिशतले हुने रु. १०० अंकित मुल्यका ६९,९०,००० कित्ता शेयर सर्वसाधारणलाई विक्री वितरण भई पुर्ण रुपले चुक्ता भई सकेकोले बैंकको प्रवन्धपत्रमा आवश्यक संशोधन गरी बैंकको चुक्ता पुँजी रु. २,३३,००,००,०००/- कायम गर्ने ।

२. बैंकको नियमावलीको नियम ३२ मा आवश्यक संशोधन गरी संचालकहरुको बैठक भत्ता बृद्धि गर्ने र मोवाईल तथा पत्रपत्रिका खर्च प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

**ग. विविध :**

५. **उपस्थिति:**

**५.१ सञ्चालकहरू (कम्पनी ऐन, २०६३ को दफा ६८) :**

| | | |
|---|---|---|
| (क) प्रा.डा.मदन कुमार दाहाल | - | अध्यक्ष |
| (ख) डा.दुमन थापा | - | सञ्चालक |
| (ग) प्रा.डा. गोबिन्द नेपाल | - | सञ्चालक |
| (घ) श्री भोजबहादुर शाह | - | सञ्चालक |
| (ङ) श्री गोपाल खनाल | - | सञ्चालक |
| (च) श्री मदन कुमार आचार्य | - | सञ्चालक |

MEGA BANK NEPAL LIMITED मेगा बैंक नेपाल लिमिटेड

कम्पनी सचिव

(छ) श्री ईश्वर बहादुर गुरुङ्ग - सञ्चालक

(ज) श्री सुशिल राम माथेमा - सञ्चालक

**५.२ पदाधिकारीहरुको उपस्थितिः**

(क) श्री अनिल केशरी शाह - प्रमुख कार्यकारी अधिकृत, मेगा बैंक नेपाल लिमिटेड ।

(ख) श्री उमेश प्रसाद ढकाल - लेखापरीक्षक (पार्टनर, देव असोसियटस्, चाटर्ड एकाउन्टेन्टस्)

**५.३ पर्यवेक्षकहरूः**

(क) श्री सावित्री पौडेल - प्रतिनिधि (कम्पनी रजिष्ट्रारको कार्यालय)
(ख) श्री अम्विका प्रसाद गिरी - प्रतिनिधि (नेपाल धितोपत्र बोर्ड)
(ग) अधिवक्ता श्री इन्द्र शेखर खड्का - निर्वाचन अधिकृत

**५.४ शेयरधनीहरुको उपस्थिति (कम्पनी ऐन २०६३ को दफा ७३ बमोजिम)** ( बैंकको कुल चुक्ता पुँजी रु. २,३३,००,००,०००/- को रु. १०० अंकित दरका २,३३,००,००० कित्ता शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीहरु) :

(क) स्वयंको उपस्थिती २२८७ जना (शेयर संख्या ६५,१६,२६५ कित्ता) २७.९७ प्रतिशत
प्रतिनिधि मार्फत उपस्थिती ३७४ जना (शेयर संख्या ६३,९९,५०० कित्ता) २७.४७ प्रतिशत
(ख) जम्मा शेयर संख्याको प्रतिनिधित्व १,२९,१५,७६५ कित्ता (प्रतिशतमा) ५५.४४ प्रतिशत

सभामा उपस्थित सबै शेयरधनी महानुभावहरू मतदान गर्न योग्य थिए ।

**६.सभाको वैधानिकता र गणपुरक संख्याः**

६.१ साधारण सभा शुरू हुनु अघि कम्पनी सचिवले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई बैंकको तर्फबाट स्वागत गर्नु हुँदै कम्पनी ऐन र बैंकको प्रबन्ध-पत्र तथा नियमावली तथा प्रचलित नेपाल कानून बमोजिम बैंकको तेस्रो वार्षिक साधारण सभा बोलाइएको र कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरूप सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको जानकारी सभालाई दिनुभयो ।

६.२ तत्पश्चात् कम्पनी ऐन २०६३ को दफा ७३ अनुसार गणपुरक संख्या पुगेको सभाले सभा संचालन गर्न मञ्जुर गर्दै पूर्व सूचित सभाको निर्धारित विषय-सूचीको क्रमानुसार जान र तत्सम्बन्धमा प्रचलित ऐन बमोजिम कारवाही अगाडि बढाउन सहमति दियो ।

**७. सभाको सभापतित्व**

सभाको वैधानिकता पूरा भएपछि कम्पनी ऐन २०६३ को दफा ७४ र बैंकको नियमावलीको नियम १९ अनुसार यस बैंकको सञ्चालक समितिका अध्यक्ष प्रा.डा.मदन कुमार दाहाललाई तेस्रो वार्षिक साधारण सभाको सभापतित्व गरिदिनु हुन कम्पनी सचिवले आग्रह गर्नुभयो र सञ्चालक समितिका अध्यक्षज्यूले सभाको सभापतित्व गर्नुभयो ।

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

**कम्पनी सचिव**

८. सभाको उद्घाटन र सभा सञ्चालनः

बैंक संचालक समितिका अध्यक्ष्यले बैंकको तेश्रो वार्षिक साधारणसभाको सभापतित्व ग्रहण गरेपछि कम्पनी सचिवले अध्यक्ष प्रा.डा.मदन कुमार दाहालज्यूलाई पानसमा बत्ती बालेर सभाको उद्घाटन गर्न आग्रह गर्नु भयो । तत्पश्चात अध्यक्ष तथा कार्यक्रमका सभापति प्रा.डा.मदन कुमार दाहालले पानसमा बत्ती बालेर सभाको उद्घाटन गर्नु भयो । सभाको उद्घाटन पछि सभापतिज्यूको निर्देशनानुसार कम्पनी सचिवले सभा सञ्चालन गर्नु भयो ।

९. संचालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुतीः

९.१ सभाको काम कारवाहीलाई अगाडि बढाउने क्रममा सभाका सभापतिले संचालक समितिको वार्षिक प्रतिवेदन सभा समक्ष पढेर सुनाउनु भयो ।

९.२ आर्थिक वर्ष २०६९/७० को समाप्ती सम्म र सो देखि हालसम्मको बैंकको अवस्था र भावी कार्यक्रमका बारेमा बैंकका प्रमुख कार्यकारी अधिकृत श्री अनिल केशरी शाहले संक्षिप्त रुपमा प्रकाश पार्नु भएको थियो ।

९.३ संचालक समितिको वार्षिक प्रतिवेदनको प्रस्तुती र बैंकको वर्तमान अवस्थाका साथै भावी कार्यक्रमहरुको बारेमा प्रमुख कार्यकारी अधिकृतले मन्तव्य व्यक्त गरेपछि सभाका सभापतिले सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको २०७० आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व.२०६९/०७० को नाफा नोक्सान हिसाव, नाफा नोक्सान बाँडफाँड हिसाव तथा नगद प्रवाह विवरण र सो सँग सम्वन्धित अनुसुचीहरु माथि छलफल गरी पारित गर्नका लागि आ-आफ्नो विचार, जिज्ञासा, मन्तव्य, सुझाव एवं प्रश्न राख्न तथा छलफल गर्न इच्छुक शेयरधनी महानुभावहरूलाई आह्वान गर्नुभयो ।

१०. छलफलमा सहभागी हुनु हुने शेयरधनी महानुभावहरूः

छलफलका लागि सभापतिज्यूले आव्हान गर्नु भए अनुसार सभामा शेयरधनी महानुभावहरूले आ-आफ्नो मन्तव्य, जिज्ञासा एवं सुझाव राख्न आफ्नो नाम दिनु भयो र १८ जना शेयरधनी महानुभावहरुले क्रमश आ-आफ्नो राय तथा सुझावहरु राख्नु भयो ।

छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरूले व्यक्त गर्नुभएको मन्तव्य / विचार देहाय बमोजिम संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ :

१०.१ श्री अमृतनाथ रेग्मी

सर्वप्रथम मेरो भनाई राख्ने क्रममा यस बैंकले सर्वसाधारणलाई भर्खरै शेयर निष्कासन गरेको छ । शेयर निष्कासन पछि बैंकले आफ्ना उद्धेश्य हासील गर्न र वित्तीय बजारमा आफ्नो प्रस्तुतीकरणलाई मजबुत बनाउन सहज हुदै गएको छ । यो सभामा प्रस्तुत भएको वार्षिक प्रतिवेदनमा केहि कमि कमजोरीहरु रहेका छन् भने अहिले नै हामीले उल्लेख गर्‍यौ भने आउँदो वर्ष कुनै पनि कमी कमजोरीलाई दोहोरिने छैनन् । बैंकमा आजको मिति सम्म कति शेयरधनीहरु छौ भन्ने कहि कतैबाट पनि सुन्नमा आएन, यसको बारेमा पनि जानकारी दिनु हुन अनुरोध गर्दछु । साथै अहिले बैंकको शेयर बजारमा कस्तो स्थिती छ र बैंकको स्थिती कसरी वृद्धि हुदैछ यसको वारेमा पनि प्रमुख कार्यकारी अधिकृतलाई बताई दिनु हुन पनि अनुरोध गर्दछु । मैले २०४२ सालमा तयार पारेको रिपोर्ट र बोलेका कुराहरु अहिले ३० वर्ष सम्म परिवर्तन भएको मैले पाएको छैन । हाल सालै २-३ वटा बैंकले शुरुवात गरेका छन् । अहिले हाम्रो बैंकलाई राष्ट्र बैंकले कुन तहमा राखेको छ ? हामी कुन तह सम्म पुग्न चाहिरहेका छौ ? यसको बारेमा पनि स्पष्ट रुपमा उल्लेख गर्नु हुन र मुनाफाको स्थिती सम्वन्धमा अव आउने दिनमा हाम्रो लक्ष्य के हो

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

कम्पनी सचिव

भन्ने पनि स्पष्ट पार्नु पऱ्यो । हामी त्रिशुलीका माछा भन्दा नारायणी नदीका माछा कति छन भन्नेमा जाऔ । बैंक मर्ज भएपछि त्रिशुली हैन नारायणी बन्ने कोशिश गरौ ।
बैंकले वार्षिक साधारणसभा गर्दा जुन समयबाट शुरु गर्ने भनेका थियौ त्यही समयमा नै शुरु गर्ने बानी बसालौ र अब आउने दिनमा छुट्टै मेगाको ब्राण्ड बनाउने तिर जान सुझाव दिन्छु जस्तो मेगा म्युचुयल फण्ड, मेगा क्यापिटल मार्केट र मेगा हाईड्रो भनेर नयाँ नयाँ Product शुरु गर्न सुझाव दिन चाहान्छु । साथै दक्ष कर्मचारी व्यवस्थापन गर्न नेपालमा मात्र तालिम गरेर हुदैन अन्तरराष्ट्रियस्तरको तालिम दिने व्यवस्था गर्न अनुरोध गर्दछु ।
अन्तमा, अहिले हामीले लाभांश वितरण गरेका छौ । लाभांश लिने धेरै शेयरधनीहरु काठमाण्डौं भन्दा बाहिरका हुनुहुन्छ होला उहाँहरुको लाभांश मेगामा खाता खोली सोझै खातामा जाने व्यवस्था मिलाएमा ग्राहक संख्या पनि उल्लेखनीय रुपमा बढ्ने छ । यस बारेमा पनि सोच्न अनुरोध गर्दछु । अव आउने दिनमा केहि प्रतिशत बोनस शेयर र लाभांश दिने व्यवस्था गऱ्यौ भने बैंकको छबी बजारमा राम्रो हुदै जानेछ । बैंकको लेखापरीक्षण ढिलो भयो । आउँदा दिनमा लेखापरीक्षकलाई छिटो गर्न लगाऔ र बैंकको सुचना प्रविधिलाई मजबुत बनाएर २४ सै घण्टा बैकिङ्ग कारोवार गर्ने व्यवस्था मिलाउन सुझाव दिदै आजबाट नै पुराना सोचलाई अन्त्य गरौं भन्दै मेरा सुझाव अन्त्य गर्दछु । धन्यवाद ।

**१०.२ डा.सुन्दर लाल श्रेष्ठ**

सर्वप्रथम मेगा बैंकले यति छोटो समयमा यति धेरै शेयरधनीहरु भेला गरेकोमा धन्यवाद दिन चाहान्छु । कार्यक्रमलाई समयमा नै शुरु गर्ने बानी बसाल्लौ । किनकी आजको दिन मात्र अन्य ६ वटा बैंकको साधारणसभा छन् हामीले त्यहाँ पनि भाग लिनु पर्ने हुन्छ । यहाँहरुले कतिको ख्याल गर्नु भएको छ ? यो वार्षिक प्रतिवेदनमा कहि कतै तेश्रो वार्षिक साधारणसभा भनी उल्लेख गरिएको मैले पाईन आउदा दिनमा वार्षिक प्रतिवेदन पुस्तिकामा वार्षिक साधारणसभा नम्वर उल्लेख हुनु पऱ्यो । साना कृषकहरुलाई प्रोत्साहन गर्न हलोको नारा ल्याउनु भएको छ, यो राम्रो पक्ष हो त्यस्तै देशमा विद्युत विकासका लागि हाइड्रोको सोच ल्याउनु भएकोमा धन्यवाद दिन चाहान्छु । यस प्रतिवेदनमा सबै शेयरधनी र स्टाफहरुको फोटोहरु राख्नु भएकोमा खुसी लाग्यो । बैंकले नाफा भन्दा लाभांश बढि दिएको देखिन्छ । रिर्जभ कोषबाट नाफा बाड्न त्यती राम्रो होईन, बोनस शेयर १ प्रतिशत मात्र भएपनि दिएको भए राम्रो हुने थियो । अहिलेको लाभांश वितरणमा सर्वसाधरण समुह भन्दा संस्थापक समुहलाई मात्र विचार गरिएको देखिएको छ । जस्तो SCB, SBI, & Everest बैंकहरुले संस्थापक समुहलाई बढी नाफा दिएर पुँजी विदेश तिर लगे जस्तो हामीले नगरौं भन्ने सुझाव दिन चाहान्छु ।
बैंकको संचालन आम्दनी धेरै राम्रो छ । अरु वाणिज्य बैंकको तुलनामा मेगाले साना किसानहरुलाई धेरै प्रोत्साहित गरेको छ, यो राम्रो पक्ष हो । बैंकको नाफा बढाउनको लागि शेयर पनि खरिद गर्ने गरौ । त्यस्तै बैंकले रेमिटेन्समा पनि राम्रो गरेको देखिन्छ । बैंकको शाखा विस्तार राम्रो छ, बैंकको निक्षेप पनि राम्रो छ । बैंकको खराव कर्जा बढेको देखिन्छ । आउँदा दिनमा खराव कर्जा घटाउनु पर्छ । बैंकको चिया चमेनामा खर्च बढि देखिएको हुनाले यसलाई घटाउन अनुरोध गर्दछु । बैंकका अन्य केहि कैफियतहरु देखिएका छैनन यसका लागि धन्यवाद । अन्तमा मेगा बैंकको उत्तरोत्तर प्रगतीको कामना गर्दै अव आउँदो वर्ष बैंकले १० प्रतिशत बरावरको बोनस शेयर दिन सकोस भन्ने शुभकामना दिन चाहान्छु ।

**१०.३ डा.माधव कुमार श्रेष्ठ**

बैंकहरु सबै प्रतिस्पर्धामा चलेका छन् । अन्य देशहरुको तुलना गरी प्रमुख कार्यकारी अधिकृतले अव आउँदा दिनमा बैंकको Growth Plan के छ भन्ने कुरा बताउनु पऱ्यो । ने.रा.बैंकले मेगा बैंकलाई सबै बाणिज्य बैंकहरुको विचमा कुन तहमा राखेको छ यसको बारेमा बताउनु हुन अनुरोध गर्दछु ।
। साथै बैंकमा आन्तरिक र बाह्य लेखा परीक्षक विभिन्न किसिमका हुन्छन् । दुबै तिर प्रोफेसनल लेखा परीक्षकहरु हुनु पर्दछ । यसले गर्दा पनि लाभांश रकममा धेरै फरक पर्न जान्छ । लेखा परीक्षकहरुलाई

MEGA BANK NEPAL LIMITED मेगा बैंक नेपाल लिमिटेड

कम्पनी सचिव

अनुगमन गर्न आवश्यक हुन्छ । बैंकलाई Standard Corporate Governance पालना गर्न समेत अनुरोध गर्दछु । साथै Bond Market मा जानको लागी, Profit Growth गर्नका लागि Market Price लाई हेर्न पनि अनुरोध गर्दछु । यसर्थ सबै कुरामा सर्तक हुन समेत अनुरोध गर्दछु । विनिमय बजारमा बैंकको शेयर स्थिती कस्तो छ ? समय समयमा ख्याल राख्न पनि अनुरोध छ भन्दै अन्तमा आउँदा दिनमा मेगाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु । धन्यवाद

**१०.४ मेजर कुवेर श्रेष्ठ**

सर्व प्रथम धन्यवाद मेगालाई १२ अर्व ५३ करोड निक्षेप संकलन गरेर १७ करोड भन्दा माथी कमाउन सफल भएकोमा । अन्य बैंकलाई हेर्दा जस्तो सिभिल जस्ले १५ अर्व ६३ करोड निक्षेप संकलन गर्दा जम्मा १२ करोड मुनाफा कमाएको छ यसर्थमा पनि फेरि मेगालाई धन्यवाद । मेगाको संचालक, व्यवस्थापन समुह साथै सबै कर्मचारीहरु साह्रै लगनशील र बफादार भएर कमाएको देखिएको छ । आउँदा दिनहरुमा पनि यसरी नै राम्रो हुदै जान सकोस भन्ने शुभकामना दिन चाहान्छु । बैंक संचालन भएको छोटो समयमा नै ९ प्रतिशत लाभांश दिन सफल भएकोमा धन्यवाद । अर्को वर्ष वोनस शेयर र लाभांश दिने गरि अगाडी बढौं । यति धेरै शेयरधनीहरु भएको बैंकमा थोरै कर्मचारीहरुबाट व्यवस्थापन गर्नु भएकोमा धन्यवाद दिन चाहान्छु । बैंकको विनिमय बजारमा राम्रो स्थिती देखिएको छ । यसरी नै प्रगती हुदै जाओस ।

अहिले हालसालै घर जग्गा किन्न म उचित मान्दीन किनकि सबै ठाउँमा कमिशनको खेल हुने हुँदा त्यस तर्फ सर्तक रही आगामी १० वर्ष सम्म घर जग्गा नकिन्न सुझाव दिन्छु । साथै बैंकको रिजर्भ बढाउनका लागि सुझावका साथै सुरक्षा खर्च धेरै देखिएको हुनाले सुरक्षा खर्च घटाउने र आन्तरिक सुरक्षालाई सवल बनाउन अनुरोध गर्दछु । विभिन्न बैंकहरुमा सुरक्षा सम्वन्धि खतरा देखिएको छ, जस्तै बैंकका स्टाफहरु मिलेर नै धेरै बैंकहरु लुटिएको उदाहरणहरु पनि हामीसँग छन त्यसैले त्यस तर्फ सर्तक हुन अनुरोध गर्दछु । बैंकको संस्थागत निक्षेप ३३ प्रतिशतबाट २५ प्रतिशतमा झार्न अनुरोध छ । अव आउँदा दिनबाट नेपाल सरकारले पनि सबै पेन्सनहरु बैंकबाट नै बुझ्ने व्यवस्था गर्न लागेको छ । यसका लागि नयाँ Product Lunch गर्नुहोस जस्तै भारतले मात्र २५ अर्व र बेलायतले २० अर्वको पेन्सनको कारोवार गर्दछन् यसलाई मेगाबाट नै कारोबार गर्ने व्यवस्था मिलाउन र अबका दिन देखि मेगाले माईक्रो फाईनान्समा लाग्दै पानी, खानी र जवानीमा लगानी गर्न सुझाव दिन्छु । पानी भन्दा विद्युत उत्पादन तिर, खानी भन्नाले जमिन मुनि भएका तेल अन्य कच्चा पदार्थ र जवानी भन्नाले बेरोजगारीले मलेसिया, अरव लगायत काम गर्न गएका युवाहरुलाई नेपालमा नै काम गर्ने बातारण मिलाउने ठाउँमा लगानी बढाउन अनुरोध छ ।

अन्तमा हामी शेयरधनीहरुले अध्यक्षज्यू र प्रमुख कार्यकारी अधिकृतलाई भेटने हप्तामा कुनै दिन मिलाउन अनुरोध गर्दछु । साथै मेगाले नेपालका ५ विकास क्षेत्रमा मेगा छात्रवृति कोषको शुरुवात गर्न र विभिन्न ठाउँमा मेडिकल क्याम्पहरु राख्न सुझाव दिन्छु । अर्को वर्ष १५ प्रतिशत लाभांशको आशा गर्दै सबैको मुख मुखमा र व्यवहारमा मेगा नै मेगा हुन सकोस Every Nepali Choice of Mega प्रगति नै प्रगति होस् । धन्यवाद ।

**१०.५ श्री भक्ति प्रसाद उप्रेती**

सर्वप्रथम मैले सोध्ने प्रश्नका उत्तरहरु सिईओ सरले पहिला नै दिनु भएकोमा धन्यवाद । बैंक संचालनमा आएको छोटो समयमा नै ९ प्रतिशत लाभांश दिनुभएकोमा बैंकका संचालक, व्यवस्थापन साथै कर्मचारीहरुमा हार्दिक धन्यवाद । अर्को वर्ष बोनस शेयर र लाभांश दुबै पाउने छौ भन्ने हामीले आशा गरेका छौ । यस बैंकमा उच्च व्यवस्थापन र प्रवन्धक तहमा महिलाहरु भएको हुनाले विश्वसनीय वातावरण देखिएको छ । आउँदो वर्ष महिलालाई संचालकमा ल्याउने हामी सबैले प्रयास गरौ ।

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

कम्पनी सचिव

साधारणसभामा सहभागी हुने शेयरधनीहरुलाई केहि टिपोट गर्न आउँदा दिनमा कपि कलमको व्यवस्था गर्न सुझाव दिन्छु । अव आउँदो वर्ष साधारणसभा आश्विन तिर मिलाउँ किन कि दशैको मुखमा थोरै नै भए पनि लाभांशले केहि राहत हुन्छ । वार्षिक प्रतिवेदनमा मनोरञ्जन खर्च राख्नु उचित हैन, यसलाई व्यापार प्रवर्द्धन तथा बैकिङ्ग प्रवर्द्धन खर्च भनी राख्न सुझाव दिन्छु । साथै साधारणसभाको सामान्य एजेण्डा तर्फ जाँदा लेखा परीक्षकको पारिश्रमिक हामी भन्दा पुराना र धेरै शाखा एवं मुनाफा कमाएका बैंकको तुलनामा धेरै देखिएको हुनाले यसलाई आउँदो वर्ष देखि कटौती गर्दै लान पनि सुझाव दिन्छु । धन्यवाद

**१०.६ श्री उद्धव प्रसाद घिमिरे**

सर्वप्रथम यस बैंकको तेश्रो वार्षिक साधारणसभामा हामीहरु सबैलाई बैकका त्रुटीहरु औंल्याउन दिनु भएकोमा यहाँहरुलाई धन्यवाद दिन चाहान्छु । यस बैंकको प्रतिफल साह्रै राम्रो छ । बैंकका संस्थापक समुहले धेरै प्रतिफलको आशा गर्नुभएको थियो होला । धेरै वर्ष लगानी गर्नु भयो तै पनि संचालनमा आएको छोटो समयमा ९ प्रतिशत लाभांश दिएकोमा हामी सबैले धन्यवाद दिनै पर्छ । साथै बैंकको अर्को वर्ष लाभांश दिने सोच कस्तो छ ? लाभांश र बोनस गरि २० प्रतिशत दिन सक्ने किसिमबाट अगाडी बढ्न सुझाव दिन्छु । धेरै वर्ष कारोवार गरेका वाणिज्य बैंकको तुलनामा यस बैंकको वासलात साह्रै राम्रो छ । यसका लागि बैंक व्यवस्थापनलाई धन्यवाद । बैंकको नाफा नोक्सान हिसाव पनि राम्रो छ । मेगा बैंकको भोलिको भविष्य यस्तै प्रकारले अगाडी बढेमा ज्यादै राम्रो देख्छु । साथै बाह्य लेखा परीक्षण गर्दा ICAN को नियमानुसार गर्न लेखा परीक्षकलाई सुझाव दिन्छु । लेखा परीक्षण विधि अन्तरराष्ट्रिय मापदण्ड अनुसारको वनाउन पनि सुझाव दिन्छु र बैंकले सुरक्षित लगानी बढाउन आवश्यक देख्छु । अव आउँदा दिनमा मेगा बैंकले Mega Investment, Mega Capital आदि जस्ता सहायक कम्पनी खोली मेगा ब्राण्ड मार्फत अगाडी बढ्न समेत सुझाव दिन्छु । अर्को वर्ष अलि बढि लाभांशको आशा गर्दै विदा हुन्छु । धन्यवाद ।

**१०.७ श्री व्यास कुमार शर्मा**

मेगा बैंक नेपालको तेश्रो वार्षिक साधारणसभा विशिष्ठ पहिचानका साथ अगाडी आएको छ । म यसलाई प्रसंशा गर्न चाहान्छु । म पनि अर्थशास्त्रको विद्यार्थीको नाताले बैंक तथा वित्तीय संस्थाका वित्तीय अवस्थाहरु सधै जसो अध्ययन गर्ने गर्दछु । अन्य बैंकको तुलनामा यसको वित्तीय अवस्था सराहनीय नै देख्दछु । अब आउने दिनहरुमा बैंकले आफ्ना उद्धेश्य प्राप्त गर्न सफलता मिलोस भन्ने यस साधारणसभामा शुभकामना दिन चाहान्छु र बैंकको वार्षिक प्रतिवेदनमा बैंकले गरिवीको क्षेत्रमा गरेको लगानीका फोटाहरु राखेको भए धेरै उच्च स्तरीय देखिने थियो भन्ने सुझाव दिन चाहुनछु । बैंकले बैंक संचालनमा आएको छोटो समयमा धेरै प्रगति गरेको छ । यो ज्यादै राम्रो पक्ष हो । बैंकले हलो देखि हाईड्रोको नारा सहित अगाडी बढ्ने प्रयास गरेको छ । हलोमा लगानी गर्दै कृषक समुह र गरीवी निवारण तर्फ बैंकको लगानी बढ्दै जानु पर्दछ । गरीवीमा लगानी गर्दा जोखिम वढि त हुन्छ तर पनि सुरक्षित तरिकाबाट लगानी गर्न पनि सकिन्छ । वार्षिक प्रतिवेदन अध्ययन गर्दा बैंकको लगानीको क्षेत्र सुरक्षित देखिन्छ । अन्तमा, बैंकको उत्तररोत्तर प्रगतिको कामना गर्दै शुभकामाना व्यक्त गर्दछु । धन्यवाद ।

**१०.८ श्री जयन्द्र बाँनीया**

यस बैंकको तेश्रो वार्षिक साधारणसभाको वार्षिक प्रतिवेदन अध्ययन गर्दा यस सभामा केहि कुराहरु व्यक्त गर्न चाहान्छु । बैंक अहिलेको अवस्था सम्म आउँदा निक्कै राम्रो देखिएको छ अब आउँदा दिनमा पनि यस्तै राम्रो गर्दै जान सकोस भन्ने शुभकामना दिन चाहान्छु । साथै बैंकको वासलात हेर्दा ब्याजदरबाट आम्दानी निक्कै राम्रो देखिन्छ । यसै गरि बैंकको क्यापिटललाई व्यवस्थीत गर्न आवश्यक छ । यस बैंकको राम्रो पक्ष चाटर्ड बैंकको आम्दानी भन्दा पनि राम्रो देखिएको छ । गत वर्षको कर्जाको NPA मिलाउन आवश्यक छ । बैंकले कुल आम्दानी जम्मा ७ प्रतिशत गरेको देखिन्छ भने शेयरधनीहरुलाई ९ प्रतिशत

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

कम्पनी सचिव

दिएको छ अव आउँदा दिनमा रिर्जभ फण्डबाट नचलाईकन लाभांश दिन अनुरोध गर्दछु । त्यस्तै बैंकको रिजर्भ फण्डलाई पनि बढाउन आवश्यक छ । कुल निक्षेपलाई कसरी परिचालन गर्ने भन्ने कुरा ने.रा.बैंकको निर्देशन अनुसार नियन्त्रण गर्न, बैंकको प्रति शेयर नेटवर्थ बैंकको वार्षिक प्रतिवेदनमा खाली देखिएको छ आउँदा दिनमा प्रति शेयर नेटवर्थ स्पष्ट रुपमा राख्न सुझाव दिन्छु । एलसीबाट हुने आम्दानी गत वर्ष भन्दा अहिले घटेको देखिएको, साथै विदेशी मुद्रा विनिमयबाट हुने आम्दानी पनि घटेको छ यसलाई बढाउन आवश्यक देखिन्छ । बैंकको निक्षेप राम्रो छ । अरु खाता भन्दा चल्ती खातालाई वृद्धि गर्दा राम्रो हुन्छ । साथै बैंकको सम्पत्तीलाई कसरी बढाउने भन्नेमा ध्यान दिन जरुरी देखिन्छ । शेयर धितो राखेर कर्जा दिन पनि आवश्यक देखिन्छ । जोखिम भएपनि वजार मुल्यलाई ५० प्रतिशत आधार मानेर शेयर कर्जा लगानी गरेमा बैंकलाई जोखिम नहुने हुँदा आउदा दिनमा यस शिर्षकमा कर्जा दिन अनुरोध गर्दछु । बैंकलाई आर्थिक लाभ कसरी हुन्छ भन्ने कुरामा ध्यान दिन अनुरोध गर्दै बैंकको प्रगतिको लागी शुभकामना दिन चाहान्छु । धन्यवाद

**१०.९ श्री ईश्वर दास कमाचार्य**

सर्वप्रथम मलाई यस बैंकको तेश्रो साधारणसभामा वोल्ने मौका दिनुभएकोमा धन्यवाद । बैंकले संचालनमा आएको छोटो समयमा ९ प्रतिशत लाभांश दिन सफल भएकोमा हामी मेगाले दिएको उपहार भनी स्वीकार गर्दछौ । सिईओको वित्तीय क्षेत्रमा लामो अनुभव भएको हुनाले बैंकको वित्तीय सन्तुलन कायम राख्नु हुने नै छ र बैंकको वासलात हेर्दा सबै पक्ष धेरै राम्रा देखिन्छन । अब मेगा बैंकले छुट्टै मेगा ब्राण्ड खोल्न तर्फ ध्यान दिन अनुरोध गर्दछु । जस्तै मेगा हाईड्रो, मेगा म्युचुयल फण्ड, मेगा ऋणपत्र र मेगा बण्ड आदिको शुरुवात गरि निक्षेपमा मात्र भर नपरी अन्य तरिकाबाट पनि आम्दानी गर्नु पर्ने देखिन्छ । नाफा नोक्सान तर्फ हेर्दा बैंकको चुक्ता पुँजी अनुसार कम नै देखिएको छ । यसलाई सुधार गर्न बैंक व्यवस्थापनलाई अनुरोध गर्दछु । बैंकको आफ्नै जग्गा र भवनका लागि एउटा छुट्टै फण्डको व्यवस्था गरी हामी सबै शेयरधनीबाट अलि अलि पैसा जम्मा गर्दै भविष्यमा बैंकको भवन निर्माण गर्न सुझाव दिन्छु । धन्यवाद

**१०.१० श्री अच्युत राज शर्मा**

मेगा बैंकको तेश्रो वार्षिक साधारणसभामा बैंकको वार्षिक प्रतिवेदन अध्ययन गर्दा र यसको प्रगति देख्दा संचालक, बैंक व्यवस्थापनलाई धेरै धन्यवाद दिन चाहान्छु । वासलातको पेज नं. ४४ मा संचालन खर्च तर्फ स्पष्ट खुलेको देखिएन यसलाई प्रष्ट पारी दिनु हुन अनुरोध छ । बैंकको NPA बढेको हुनाले यसलाई सुधार गर्न आवश्यक देखिन्छ । बैंकलाई मर्जरमा जान बैंकको दोश्रो वार्षिक साधारणसभाले अनुमति दिई सकेको हुनाले साना साना विकास बैंकहरुको मुनाफा पनि राम्रो भएको हुनाले विकास बैंकसँग मर्जरमा जाने कुरा अगाडी बढाउन सुझाव दिन्छु ।
प्रस्ताव नं. २ मा बैंकको संचालकलाई दिने भत्ता वृद्धि गर्ने प्रस्ताव अनुमोदन गर्नु पर्नेमा भत्ता अलि कम गरे राम्रो हुन्थ्यो हुन त यहाँहरुले निक्कै दुःख गर्नु भएको छ तर पनि भर्खर शुरुवातमा नै छौ । यसको वारेमा विचार गर्न पनि अनुरोध छ । त्यस्तै बैंकको लेखा परीक्षक नियुक्ती गर्दा साधारणसभाको हलबाटै नियुक्ती दिने आउँदो वर्षवाट व्यवस्था मिलाउन अनुरोध गर्दछु । मेगाको नारा नै हलो देखि हाईड्रो सम्म छ । अब मेगाले हाईड्रोमा लगानी गर्दा हामी जस्ता स-साना शेयरधनीसँग १० हजार देखि १० लाख सम्म पुँजी संकलन गरि मेगा हाईड्रो पावर संचालनमा ल्याउन अनुरोध गर्दछु ।
अन्तमा, हामी १ लाख ४० हजार शेयरधनीहरुको तर्फबाट संचालक समितिमा निर्वाचित हुनु भएको २ जना संचालकहरुलाई हार्दिक शुभकामना । उहाँहरुले आउँदा दिनमा कुर्चीमा बसेर हस्ताक्षर मात्र गर्नुको सट्टा राम्रा बैंक पक्षहरुलाई प्रोत्साहन दिनु हुने छ भन्ने सुझाव दिन चाहान्छु र मेगाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु । धन्यवाद ।

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

कम्पनी सचिव

### १०.११ श्री नरसिंह लाल चखुँ

सर्वप्रथम संचालनमा आएको छोटो समयमा धेरै मेहनत गरि ९ प्रतिशत लाभांश दिन सफल हुनु भएकोमा बैंक व्यवस्थापनलाई धन्यवाद दिन चाहान्छु । अब आउने वर्षमा ने.रा.बैंकले वासेल ३ ल्याउदै छ । यसको लागि अहिलेबाट नै हामी तयारी अवस्थामा बस्नु पर्ने देखिन्छ । समकालीन बैंकको वासलात अध्ययन गर्दा मेगा बैंक नम्वर १ मा देखिएको छ यसका लागि हामी सबैलाई ज्यादै खुशी लागेको छ । यस बैंकको व्यवस्थापकीय सुशासन ज्यादै राम्रो देखिएको छ । साथै बैंकका संचालकहरुले नियमन निकायहरुका कुराहरुलाई ख्याल गर्नु हुन अनुरोध गर्दछु । बैंकका सम्पुर्ण शाखाहरुलाई बेला बेलामा सुपरिवेक्षण गरि रहनु पर्ने आवश्यकता देखिन्छ र यस बैंकका कर्मचारीहरु साह्रै मेहनती र अनुसाशीत पाएको छु । धन्यवाद ।

### १०.१२ श्री रोज कुमार श्रेष्ठ

बैंकले शुरुवातमा नै ९ प्रतिशत लाभांश दिन सफल भएकोमा बैंक व्यवस्थापनलाई धन्यवाद दिन चाहान्छु र हामी सबै शेयरधनी साह्रै खुसी भएको कुरा जानकारी गराउन चाहान्छु । बैंकका सिईओले जे लेख्नु भएको छ त्यही बोल्नु भएकोमा धन्यवाद । मेगाको नारा मेरो बुझाईमा हलो भन्नाले साना साना गरिव किसानहरु भन्ने बुझिन्छ । यी साना गरिव किसानहरु समक्ष बैंकिङ्ग सेवा पुऱ्याउने बैंकको संकेत पनि देखिन्छ यो साह्रै राम्रो पक्ष हो । वार्षिक प्रतिवेदनको कभर पेजमा आँखा लगाउँदा त्यहाँ फोटाहरुमा कसैलाई चिन्ने अवस्था छैन, सायद उहाँहरु बैंकका प्रवर्द्धकहरु हुनु हुन्छ होला । यसरी कसैलाई नचिन्ने गरि फोटाहरु राख्नुको सट्टा बैंकको नारा बमोजिम हलो र हाइड्रोको फोटा राखेको भए धेरै राम्रो हुने थियो भन्दै अब आउँदो वर्ष हलो र हाईड्रोको फोटा राख्न सुझाव दिन्छु । बैंकका सिईओले बैंकको रिर्जभ कोषको बारेमा केहि बताउनु भएन, किन हो ? रिजर्व कोष घटेको वारेमा बताउन अनुरोध गर्दछु । बैंकको एटिएमको व्यापार घाटामा देखिएको छ । यसलाई भविष्यमा सुधारमा ल्याउन अनुरोध गर्दछु । ने.रा.बैंकले अहिले जारी गरेको नयाँ निर्देशन जस्तो खाता वन्द गर्दा लाग्ने शुःल्क र अन्य सेवा शुल्क लिन नपाउने भन्ने छ । यसको बारेमा पनि सिईओ सरले केहि बताईदिनु भए राम्रो हुने थियो ।
अन्तमा यस बैंकको उत्तरोत्तर प्रगतीको कामना गर्दछु । धन्यवाद ।

### १०.१३ श्री ईन्द्र कृष्ण श्रेष्ठ

यस बैंकको तेश्रो वार्षिक साधारणसभामा बोल्ने अवसर दिनु भएकोमा अध्यक्षज्यू लगायत सबैलाई धन्यवाद । धेरै कुराहरु अघिल्ला बक्ता मित्रहरुले राखी सक्नुभएको छ । वित्तीय बजारमा धेरै अनुभव लिनु भएको सिईओ हुनु हुन्छ । त्यसैले नै छोटो समयमा नै ९ प्रतिशत लाभांश दिन सफल हुनु भयो । बैंकको वार्षिक प्रतिवेदन अध्ययन गर्दा धेरै राम्रो छ । यस बैंकको जगेडा कोष पनि अन्य समकालीन बैंकको भन्दा धेरै राम्रो छ । अव आउँदा वर्षमा साधरणसभा अरु कम्पनीको साधारणसभासँग नजुध्ने किसिमले राख्न सुझाव दिन्छु । बैंकमा शेयरधनीहरुलाई छुट्टै काउण्टरको व्यवस्था गर्न अनुरोध छ । साथै वृद्ध, असक्त कोषको व्यवस्था गर्न समेत अनुरोध गर्दै विदा हुन्छु । यस बैंकको प्रगति नै प्रगति हुन सकोस धन्यवाद ।

### १०.१४ श्री बलराम सेढाई

आज मेगा बैंकको यस तेश्रो वार्षिक साधारणसभामा धेरै जना शेयरधनीहरुको उपस्थिती गराउन सफल हुनु भएकोमा संचालक एवं व्यवस्थापन समुहलाई धन्यवाद दिन चाहान्छु । बोल्दै जाँदा धेरै कुराहरु बोलिन्छ । मलाई लाग्छ हाम्रो बैंक केहि सिमित व्यक्तिहरुले मात्र चलाएको आभास हुदै गएको छ । धेरै कुराहरु कानून बमोजिम नभएको जस्तो लागेको छ । म संचालक र व्यवस्थापनलाई सवै कुराहरु कानून

बमोजिम गर्दै जान सुझावहरु दिन्छु । बैंकको घरभाडा र कर्मचारी तलव एवं भत्ता सुविधाहरु ज्यादै धेरै देखिएको छ यसलाई आगामी वर्षमा कम गर्दै लैजान सुझाव दिन्छु । अन्य खर्चहरु जस्तो चिया, चमेना र मनोरञ्जन खर्चहरु ज्यादै वढि देखिएका छन् । आगामी वर्ष यस्ता खर्चहरु गर्दै लैजान सुझाव दिन्छु । हामी संस्थापक शेयरधनीहरुलाई ९ प्रतिशत लाभांशले केहि महत्व राख्दैन किनकि हाम्रो लगानी भएको धेरै वर्ष भई सकेको छ । संचालकहरुले बैठकमा उपस्थित भए वापत भत्ता पाउने व्यवस्था छ बैंकको नियमावलीमा छ तर यहाँ प्रस्तुत बैंकको वार्षिक प्रतिवेदन अनुसार उपसमितिका बैठकमा उपस्थित भए बापत पनि भत्ता बुझेको देखिएको छ यो कानुन बमोजिम छैन । यो कानून अनुसार बेरुजु हुन जान्छ । कुनै दिन छानविन भयो भने यहाँहरु सबै अप्ठेरोमा पर्न सक्नु हुन्छ । आगामी दिनमा यो सच्याउन सुझाव दिन्छु । अव हामीले ठूला ठूला सपना बाड्नु भन्दा काम गरेर देखाउन राम्रो हुन्छ । साधारणसभाका सबै एजेण्डाहरु शेयरधनीलाई पहिला नै जानकारी दिने बानी बसाल्न पनि सुझाव दिन्छु । कुनै दिन म आफै सबै कुराहरु कानून सम्मत भएका छन् छैनन् बैंकमा खोज्न आउने छु । धन्यवाद ।

## १०.१५ श्री सपन देव

यस बैंकको साधारणसभामा बोल्ने मौका दिनु भएकोमा यहाँहरुलाई धन्यवाद दिन चाहान्छु । पूर्व बक्ता साथीहरुले धेरै कुराहरु भनि सक्नु भएको छ । म पनि २०२२ सालमा नेपाल बैंक लिमिटेडमा जागीरे थिए । त्यहाँबाट मैले एउटा पाठ सिक्ने मौका पाए, उक्त मौका के थियो भने म भन्दा माथी दुई जना सरहरु हुनहुन्थ्यो, उहाँहरुको काम गर्ने तरिका पनि भिन्नै थियो । एक जना ग्राहकहरु, कर्मचारीहरु र शेयरधनीहरुलाई भेट्न अलि समय कम दिनु हुन्थ्यो भने अर्कोले कार्यालयमा पुगे पछि कर्मचारी लगायत सबैलाई भेट्नु हुन्थ्यो । बैंकमा के भई रहेको छ भन्ने कुराको जानकारी पनि लिइ रहनु हुन्थ्यो, त्यस्तै गरि हाम्रो बैंकमा पनि यस्तै बानी बसाल्न अनुरोध गर्दछु ।
बैंकका साधारण शेयरधनीहरु निक्कै महत्वपुर्ण हुन्छन, किनकी यिनीहरुको समुह धेरै हुन्छ, जताततै संजाल फैलाउन सक्छन । त्यसैले शेयरधनीहरुलाई महत्व दिन अनुरोध गर्दछु । बैंकको वार्षिक प्रतिवेदन सबै शेयधनीहरुको इमेल ठेगानामा पठाइ दिनु भएको भए राम्रो हुन्थ्यो । यसले गर्दा पैसा र समयको निकै वचत गर्न सकिन्छ । बैंक लगानीकर्ताहरुको गुनासो सुन्ने छुट्टै डेस्क राख्ने व्यवस्था गर्न पनि सुझाव दिन्छु । अन्तमा मेगा बैंकले छोटो समयमा ९ प्रतिशत लाभांश दिन सफल भएकोमा मेगा टिमलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

## १०.१६ श्री लिलावल्लभ दाहाल

सर्वप्रथम यहाँ बक्ताहरुको धेरै व्यवस्था गर्नु भएको रहेछ आउँदा दिनमा यस्तो नगर्न सुझाव दिन्छु । अहिले वितरण गर्न लागेको ९ प्रतिशत लाभांशलाई ११ प्रतिशत पनि गर्न सकिने अवस्था थियो र गर्न पनि सकिन्थ्यो तर किन गरिएन ? यस बारेमा जानकारी गराउन अनुरोध गर्दछु । लगानीकर्ताले किन लगानी गर्छ भने प्रतिफलको लागि मात्र हो, तर यति लामो समय भइसकेको छ कि हाल पाउन लागेको प्रतिफल निक्कै कम छ । आगामी दिनहरुमा आशा गरौ प्रतिफल धेरै नै पाईने छ । मलाई लाग्छ हाम्रो बैंकमा संचालकहरुको धेरै नै कमजोरी छन् , किन कि बैंकको आन्तरिक खर्च यति धेरै हुनुमा मैले संचालकहरुको कमजोरी देख्दछु । एउटा विकास बैंकको जति पनि हाम्रो बैंकले आम्दानी गरेको म देख्दिन, किनकि सामान्य अवस्थामा चलेको सहकारीले १५ प्रतिशत लाभांश दिएको छ । अहिले बैंकमा ठूला लगानीकर्ताको हाली मुहाली देखिएको छ, अव आउँदा दिनमा साना लगानीकर्ताहरुलाई पनि संचालकमा ल्याउने प्रयास गर्‍यौ भन्ने सुझाव दिन चाहान्छु ।
मेगाका राम्रा कर्मचारीहरु अन्य बैंकमा जादैछन भन्ने सुन्नमा आएको छ, बैंक व्यवस्थापनले र संचालकले किन यस्तो भएको छ र कसरी रोक्न सकिन्छ भन्ने कुरामा ख्याल राख्न समेत अनुरोध गर्दछु । हाम्रो बैंकले कुन माइक्रो फाइनान्समा लगानी गर्दै छ यसको वारेमा जानकारी गराउनु पर्‍यो । अव आउँदा दिनमा जग्गा तथा भवन निर्माण गर्ने तर्फ सोच बनाउन पनि सुझाव दिन्छु ।

अन्तमा, बैंकको जोखिम वढि देखिएको छ आउँदा दिनमा यसलाई कसरी कम गर्न सकिन्छ भनि सोच्न पनि सुझाव दिन्छु साथै आगामी बर्ष ९ प्रतिशत लाभांश र ९ प्रतिशत बोनस शेयर दिने कोशिश गरौ । बैंकले सामाजिक कार्यहरुमा लगानी गर्ने गरोस र बैदेशिक रोजगारमा गएका युवाहरु विदेशका जेलहरुमा दिन विताई रहेका छन् तिनीहरुलाई मेगाले उद्धार गरि आफ्नो मुलुकमा भित्र्याउने काम गरि नयाँ कामको शुरुवात गरोस भन्ने सुझाव दिदै मेगाको उत्तरोउत्तर प्रगतिका शुभकामना दिन चाहान्छु । धन्यवाद

**१०.१७ श्री हरिकृष्ण तिमिल्सीना**

यस साधारण सभामा ३६४ दिनमा भएका कमी कमजोरीहरुको सुझावहरु दिन चाहान्थे, तर समय कम छ । मलाई सिईओ सरको तलब नै वढि भएको जस्तो लाग्दछ, त्यस्तै भत्ता सुविधाहरु पनि धेरै वढि भएको देख्दछु । गएको वर्ष भन्दा अहिले खर्चका शीर्षकहरु धेरै बढेका छन् । त्यस्तै बैंकको घरभाडा शीर्षकमा निक्कै वढि खर्च देखिएको छ यसको बारेमा जानकारी दिन अनुरोध गर्दछु । बैंकका उच्चस्तरका कर्मचारीहरुको तलव,भत्ता र सुविधामा कटौती गर्दै जाने हो भने आगामी वर्षमा बैंकले धेरै नै मुनाफा कमाउन सक्ने यो वार्षिक प्रतिवेदन अध्ययन गर्दा देखिन्छ ।
म अध्यक्षज्यू र संचालकज्यूहरुलाई अनुरोध गर्न चाहान्छु अवका दिनहरुमा ६ वटा संस्थापकहरुको समुहबाट पाँच पाँच जनाको प्रवर्द्धक अनुगमन टोली बनाई बैंकको मासीक रुपमा अनुगन गर्ने व्यवस्था गरौ । यसबाट बैंकमा भएको चुहावटलाई धेरै हद सम्म रोक्न सकिन्छ भन्ने मलाई लाग्दछ । संस्थापकहरुले लगानी गरेको यति लामो समय पछि प्राप्त गर्न लागेको ९ प्रतिशत लाभांश एउटा विकास बैंकले दिने लाभांश भन्दा पनि कम छ । अन्तमा बैंकको आन्तरिक खर्चहरु कम गर्दै लैजान सुझाव दिदै विदा हुन्छु । जय मेगा बैंक ।

**१०.१८ श्री लभराज जोशी**

मेगा बैंकको उन्नती र प्रगतिको यस साधारणसभामा शुभकामना दिन चाहान्छु । अव आगामी दिनहरुमा मेगालाई कसरी मेगा बनाउने भन्ने कुरा हामी सबै शेयरधनीहरुले सोच्न आवश्यक देख्दछु । मेगाले त्यसै आईपिओ ३० गुणा आवेदन संकलन गरेको छैन यदि मेगाको वित्तीय वजारका सूचकांकहरु राम्रो नभएको भए पक्का पनि यो हुने थिएन, यसका लागि बैंक व्यवस्थापन र कर्मचारीहरुलाई धन्यवाद दिन चाहान्छु । बैंकले छोटो समयमा दिएको यो ९ प्रतिशत लाभांश संस्थापक समुहलाई चित्त नबुझ्न सक्छ किनकि उहाँहरुले लामो समय लगानी गर्नु भएको छ । तर सर्वसाधराणलाई यो ९ प्रतिशत मेगाले दिनु भनेको समकालीन बैंकको तुलनामा धेरै वढि छ । अगाडीका वक्ता मित्रहरुले जे जति टिका टिप्पणी गरे पनि मेगाको वित्तीय सूचकांक अति नै राम्रो छ यसरी नै राम्रो हुदै जान सकोस । अन्तमा नेपालका ३१ वटा बाणिज्य बैंकहरुलाई तुलना गर्ने हो भने यो बैंक मेरो विचारमा १ नम्वरमा पाउँछु भन्दै मेगाको उन्नति र प्रगतिको कामना गर्दै विदा हुन्छु । धन्यवाद ।

**११. प्रमूख कार्यकारी अधिकृत श्री अनिल केशरी शाहको जवाफ :**

साधारण सभामा शेयरधनीहरुबाट व्यक्त विचार, राय तथा सुझावहरुलाई बैंकको संचालक समिति तथा व्यवस्थापनसंग सम्बन्धित गरी दुई भागमा विभाजित गरी बैंकको कार्यकारी प्रमूखको हैशियतमा व्यवसायसंग सम्बन्धित जिज्ञासाहरुका सम्बन्धमा आफुले तथा संचालक समितिसंग सम्बन्धित विषयहरुमा अध्यक्षज्यूले जवाफ दिने जानकारी सभा समक्ष दिनु भयो ।

विगत २३ बर्षमा धेरै साधारणसभामा भाग लिन पाइयो । जहिले पनि मलाई के लाग्छ, कुनै पनि साधारणसभा कुनै पनि सकारात्मक र नकारात्मक मात्र देखेको छैन । सबैलाई एउटै कुरा मन पर्छ भन्ने छैन । केहीलाई कुनै कुरा मन पर्छ, त्यही कुरा फेरि अर्कोलाई मन नपर्न सक्छ । बैंकका अध्यक्ष, संचालक

समिति, सिइओले यिनै कुराबाट बैंकलाई फाइदा हुने कुराको निचोड निकालेर कार्यान्वयन गर्नुपर्छ । हामीले पिपुल फोकस म्यानेजमेन्ट मोडल अपनाइरहेका छौं । दक्ष कर्मचारी छन् । मानिसलाई केन्द्रमा राखेर हाम्रो मेनजेटमेन्ट छ । शेयर होल्डर अकाउन्ट सुरु गर्छौं । त्यतिबेला आफ्नो खाता खोलिदिने होला । त्यो काम एकहप्ताभित्रै गर्छौं । मेगा शेयरहोल्डर एकाउन्ट भनेर मार्केटमा विज्ञापन पनि गर्छौं ।

हाम्रो शेयरहोल्डर पनि घट्छ भन्ने लागेको थियो । तर, अहिले करिब १० हजार शेयर होल्डरमात्र घटेको छ, अरु बैंकमा शेयर होल्डर घटेको छ । खरिद बिक्री भइरहेको छ, नयाँ मानिसहरुले किनिरहेका छन् । आइएसओ पनि छिट्टै गर्छौं । हामीले प्रतिफल पनि राम्रै दिएका हौं । आज जलविद्युतमा शेयर हाल्नुभयो भने १० बर्षसम्म एक पैसा पनि पाउनुहुन्न । साँढे तीन बर्षमा हामी जहाँ पुगेका छौं, हाम्रो सन्तोषजनक छ । हाम्रा संस्थापहरुले यो बैंकमा लगानी गर्नुभएको पाँच बर्ष भएको छ । सर्वसाधारणले लगानी गरेको मात्र ६ महिनामात्र भयो, छ महिनामा शेयर एक सयबाट ४ सय पुगेको छ । म मेगा छाडेर कँही जान्न । मैले पहिला काम गरेको मुल्याँकन गरेर यहाँ ल्याउनुभएको हो । म गफ गरेर मात्र कहीँ भाग्ने छैन । म यो बैंकलाई उत्कृष्ट बनाउन चाहन्छु ।

यो बैंकलाई फाइदा भयो भने मलाई नै हुन्छ, बेफाइदा भयो भने सबैभन्दा मलाई बेफाइदा मलाई नै हुन्छ । किनकि आइपीओबाट सबैभन्दा धेरै शेयर मेरो पनि छ । दीर्घकालिन नाफा ल्याउनका लागि हामीले कोशिस गरेका छौं । हामीले नौ प्रतिशत लाभांश साहुबाट ल्याएको होइन । यहींबाट नाफा गरेको हो । अर्कोबर्षदेखि रिजर्भ फण्डमा पैसा राख्नुपर्छ होला । पाँच बर्षदेखि हाम्रा संस्थापकले लगानी गरेका कारण हामीले यो बर्ष रिजर्भ फण्डमा नराखी पैसा दिएका हौं । अरु बैंकमा शत प्रतिशत लाभांश र बोनस शेयर दिँदा पनि यति लाभांश कुनै बैंकले दिएको थिएन । घर र जग्गा किन्ने कि नकिन्ने त्यो भोलिको कुरा हो । ५ करोड पैसा अहिले छ, त्यो बाट घर बनाउने कुरा सुरु हुन्छ । राम्रो जग्गा हेरेर पुँजीमा लगानी पनि हुन्छ । हाम्रो मुख्य फोकस एसएमई हो, हाम्रो अर्थतन्त्रको मेरुदण्ड पनि त्यही हो । शाखा कार्यालयको भाडा निकै पारदर्शी छ, २८ वटा बैंकमध्ये मुख्य कार्यालयमा केही खर्च छ । कर्पोरेट कार्यालय भाडामा लिन लागेका छौं । त्यो पनि निकै सस्तोमा छ । १२१९ संस्थापक, १ लाख ४५ हजार शेयरहोल्डरले पनि सहयोग चाहिन्छ । मेरो ढोका सँधै खुल्ला छ । हामी सँगै खुलेको एउटा बैंकको घाटा भएको छ, हाम्रो बैंक नाफामा छ । गर्ने तरिका फरक हो, त्यो मानिस फरक भएर हो ।

महिलालाई प्राथमिकता दिएका छौं । भोलि पनि प्रतिनिधित्व हुन्छ कर्मचारीमा । कस्ता कस्ता एकाउन्ट ल्याउने भनेर हेरिरहेका छौं । भोलि पनि कसरी ल्याउने भनेर हेरिरहेका छौं । मार्केटमा मेगाको राम्रो छवि छ । हाम्रो गभर्नेस धेरै राम्रो छ । पारदर्शी छ । मेरो तलबको कुरा गर्दा मैले धम्क्याएर कुर्सी समातेको छैन । अर्को बैंकमा पनि खुसी नै थियौं । राम्रो हुन्छ आउनुस भनेर आएको हो । आउने दिनमा पनि राम्रो गरिरहन्छौं, अहिले पनि राम्रो गरिरहेका छौं । यदि कोही आउँछ हामी भन्दा बढी फाइदा गर्न भन्छ भने हामी तयार छौं छाड्न । तलब खान्छु, ट्याक्स तिर्छु, यदि मेरो भ्यालु छैन भन्ने जब बोर्डले भन्छ, त्यतिबेला म स्वीकार्छु । बैंकहरुमा पचास हजारको सिइओ पनि छ, ३० हजारको पनि सिइओ छ । बिचार गर्नुपर्‍यो । १४ अर्ब आइपीओमा आएका छन् । एकलाख १५ हजार भन्दा बढी मानिसले विश्वास गरेको, यो हामी सबैको सोचले गर्दा हो । सबैले आफ्नो रोल खेलिरहेका छौं । तपाईंहरुले पनि आफ्नो भूमिका खेलिरहनुभएको छ । दोस्रो बर्षमा शाखा खोलेकाले खर्च बढेको हो । अब खर्च बढ्दैन । ओभर स्टाफ छैन भन्ने लाग्छ । सिनियर म्यानेजमेन्टबाट जति मानिस गएका छन्, त्यहाँ मानिसहरु परिपूर्ति भएको छैन । यो सबै मान्छेले गर्ने हो । घरले होइन ।

हामीले राष्ट्र बैंकको निर्देशन र नियमलाई पूरै रुपमा मानिरहेका छौं । हाम्रो बोर्डले स्थापनादेखि आजसम्म जुन भत्तामा काम गरिरहनुभएको छ, तबसम्म फाइनान्सले भन्दा पनि कम रकम लिएर काम गरिरहेको छ । आउने दिनमा पनि केही बर्ष म यही बैंकमा हुन्छु । यहाँहरुको सँगै हुन्छु ।

MEGA
BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

कम्पनी सचिव